# “जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान कार्यविधि, २०८१”

बागमती प्रदेश सरकार

युवा तथा खेलकुद मन्त्रालय

## प्रदेश खेलकुद विकास परिषद्,

बागमती प्रदेश, हेटौडा ।

## जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान कार्यविधि २०८१

**प्रस्तावनाः**

प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशको आ.व.२०८१/८२ को स्वीकृत बार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत "जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप (तालिम ,प्रतियोगिता, सहभागिता ,सम्मान सञ्चालन अनुदान") शीर्षकमा विनियोजित बजेट व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रदेश विनियोजन ऐन, २०८१ को दफा (११) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम "जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चलन अनुदान कार्यविधि, २०८१" रहको छ ।

(२) यो कार्यविधि मन्त्रालयवाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मन्त्रालय" भन्नाले खेलकुद विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशलाई सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ ।

(घ) "जिल्ला खेलकुद विकास समिति" भन्नाले बागमती प्रदेश अन्तर्गत रहेका तेह्र जिल्लाका जि.खे.वि.स सम्झनु पर्छ ।

(ङ) "प्रतियोगिता" भन्नाले प्रदेश खेलुकद विकास नियमावली, २०७६ मा प्राथिमकतामा परेका खेलका प्रतिस्पर्धा, लगायत अन्य सबै किसिमका खेलको प्रतिस्पर्धालाई सम्झनु पर्छ ।

(च) "प्रशिक्षण" भन्नाले प्रतियोगिताको तयारी अगाडि खेलाडीलाई दिईने तालिम कार्यलाई सम्झनु पर्छ ।

(छ) "खेलसामग्री" भन्नाले तालिम तथा प्रतियोगतामा प्रयोग गरिने सम्पूर्ण सामग्री सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ४ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

### परिच्छेद-२

### उद्देश्य

३. **उद्देश्यः-** यो कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम हुनेछनः-

(क) खेल सँस्कृतिको जिल्ला स्तरबाटै विकास विस्तार गरी विभिन्न खेलकुद गतिविधिहरु सञ्चालन गर्नु,

(ख) जिल्ला भित्रका खेल प्रतिभाहरुको पहिचान र खेल प्रतिस्पर्धाका अवसरहरुको सृजना गर्नु,

(ग) जिल्लाको प्रतिनिधित्व गरी विभिन्न राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागि गराई पदक प्राप्त खेलाडीको सम्मान तथा प्रोत्साहन गर्नु,

(घ) विभिन्न खेलकुदहरुको तालिम प्रशिक्षण गरी खेलाडी तथा रेफ्रीहरुलाई विभिन्न खेलहरुका नयाँ अध्यावधिक नियमहरु बारेमा जानकारी गराउनु,

(ङ) जिल्लाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागि भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय किर्तिमान कायम गर्ने खेलाडीहरुलाई प्रोत्साहन तथा सम्मान गर्नु,

## परिच्छेद-३

## जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान छनौट तथा सिफारिस समितिको गठन, काम,कर्तव्य र अधिकार

४. **छनौट तथा सिफारिस समितिको गठनः-** यस परिषद्बाट प्रदान गरिने जिंल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन वितरण एकिन, छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | परिषद्को कार्यालय प्रमुख | - संयोजक |
| (ख) | युवा तथा खेलकुद हेर्ने मन्त्रालयको प्रतिनिधि | - सदस्य |
| (ग) | परिषद्को तालिम प्रतियोगिता तथा खेलकुद शाखा प्रमुख | - सदस्य |
| (घ) | परिषद्को आर्थिक शाखा, प्रमुख | - सदस्य |
| (ङ) | परिषद्को प्रशासन शाखा, प्रमुख | - सदस्य सचिव |

५. **समितिको काम, कर्तव्य र अधिकारः-** दफा (४) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जिल्ला खेलकुद विकास समितिमार्फत विविध गतिविधिहरु संचालनको माग संकलन गरी सिफारिस गर्ने,

(ख) जिल्ला खेलकुद विकास समितिमार्फत विविध गतिविधिहरु संचालनको न्युनतम शर्त तथा आधारहरू तय गर्ने,

(ग) जिल्ला खेलकुद विकास समितिमार्फत विविध खेलकुद गतिविधिहरु सञ्चालन मार्फत जनस्तरमा खेल संस्कृतिको विकास गर्न प्रोत्साहन गर्ने,

(घ) जिल्ला खेलकुद विकास समितिमार्फत विविध खेलकुद गतिविधिहरु संचालनको प्रतिवेदन तयार गर्न लगाई परिषद्मा पेश गर्न लगाउने।

६. **समितिको बैठक सम्बन्धी ब्यवस्थाः-**

(१) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठक संयोजकको निर्देशनमा आवश्यकता अनुसार सदस्य सचिवले बोलाउनेछ ।

(३) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

(४) समितिको बैठक भत्ता बापतको रकम नियमानुसार प्राप्त गर्ने छन् ।

## परिच्छेद-४

## खेलकुद क्रियाकलाप सञ्चालन सम्बन्धी व्यवस्था

७. **विविध खेलकुद क्रियाकलाप सञ्चालन सम्बन्धी ब्यवस्थाः-** (१)जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन, खेल प्रतिभाहरुको पहिचान र प्रोत्साहन कार्य देहाय बमोजिम हुनेछः-

(क) जि.खे.वि.स मार्फत सञ्चालन गरिने कार्यक्रमहरुको प्रस्ताव सहितको माग संकलन गर्ने

(ख) जि.खे.वि.स मार्फत विभिन्न खेलकुद गतिविधिको आवश्यकता तथा औचित्यका आधारमा कार्यक्रम सञ्चालनको अनुदान सिफारिस प्रक्रिया अगाडि बढाउने,

(ग) जिल्ला खेलकुद विकास समितिले प्रदेश खेलकुद विकास नियमावली,२०७६ को नियम १८ मा उल्लेखित खेलकुद क्रियाकलापलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने ।

(घ) अनुदान रकमको मितव्ययिता, प्रभावकारीता तथा कार्यक्रमको औचित्यताको आधारमा रकम यकिन तथा सिफारिस गर्ने ।

## परिच्छेद-५

## जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान रकम खर्च सम्बन्धी व्यवस्था

८. अनुदान रकम खर्च सम्बन्धी व्यवस्थाः (१) जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान रकम खर्च सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) परिषदबाट उपलब्ध गराउने प्रचलित प्रदेशको खर्चको मापदण्ड बमोजिम खर्च गर्नु पर्ने छ ।

(ख) जि.खे.वि.स हरुले परिषद्बाट वितरण गरिएको अनुदान रकमको लेखा राखी लेखा परीक्षण गराई आ.व समासिको पैतीस दिनभित्र परिषदमा पेश गर्नु पर्ने ।

(ग) अनुदान रकम मितव्ययी तरिकाले खर्च गर्नुपर्ने साथै खरिद गरिने सामग्रीहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्ने र जिन्सी श्रेस्ता प्रणाली अनुसार श्रेस्ता राख्नु पर्ने।

(घ) प्राप्त अनुदान जिल्लाले विगतका प्रतियोगितामा उत्कृष्ट प्रदर्शन तथा पदक प्राप्त खेललाई प्राथमिकता दिई खेलकुद क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

(ङ) समितिले सिफारिस गरेको जिल्ला अनुदान रकम ३ किस्तामा जिल्ला खेलकुद विकास समितिमा उपलब्ध गराईने छ ।कार्यक्रमको औचित्यपुष्टि हुने गरी प्रस्ताव तथा लगत अनुमान पेश भएको खण्डमा पहिलो किस्तामा लागत अनुमानको ६० (साठी) प्रतिशत रकम उपलब्ध गराउन सकिने छ र बाँकि रकम सम्पुर्ण कागजातहरु प्राप्त भएपछि उपलब्ध गराइनेछ। अनुदान रकमको सम्बन्धित जिखेविसले नियमानुसार करकट्टी गरी भुक्तानी उपलब्ध गराउनु पर्नेछ ।

(च) संघ/प्रदेश/स्थानीय तह सँग दोहोरो नपर्ने गरी अनुदान रकम दिनुपर्ने र दोहोरो सुविधा लिएको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(छ) वार्षिक रुपमा प्रतिस्पर्धात्मक खेलकुद गतिविधि सञ्चालन गर्ने बाहेक अन्यको हकमा अघिल्लो आर्थिक वर्षहरुमा समेत विभिन्न शीर्षकमा अनुदान/सहयोग/प्रोत्साहन रकम पाएका व्यक्ति/संस्था/क्लबलाई पटक पटक अनुदान/सहयोग/प्रोत्साहन उपलब्ध हुने छैन ।

## परिच्छेद-६

## विविध

९. **प्रचलित कानुन बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेखित विषय यस कार्यविधि बमोजिम हुने र अन्य विषय नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वीकृत प्रचलित कानुन बोमोजिम हुनेछ ।

१०. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

११. **कार्यविधिमा संशोधनः** यस कार्यविधिको कुनै दफा वा उपदफामा कुनै कुरा संशोधनको आवश्यकता परी संशोधन गर्न परेमा आर्थिक दायित्व पर्ने विषय भए आर्थिक मामिला तथा योजना मन्त्रालयको राय सहमति लिई र अन्य विषयमा परिषद्को सिफारिसमा मन्त्रिस्तरीय निर्णयद्वारा मन्त्रालयले गर्नेछ।

## अनुसूची

मितिः ..........................

श्रीमान् सदस्य-सचिवज्यू
प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश, हेटौंडा ।

विषयः सहयोग/अनुदान रकम सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा " जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान कार्यविधि २०८१" बमोजिम तपसिलमा उल्लेख भए बमोजिमको खेलकुद गतिविधि/प्रतियोगिता/सहभागिताका लागि यसै साथ संलग्न प्रस्तावना पत्र बमोजिम कार्यक्रम गर्नुपर्ने भएकोले आवश्यक रकम सहयोग/अनुदान स्वरूप उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

<u>तपसिलः</u>

जि.खे.वि.स को पुरा नामः

कार्यक्रम/ प्रतियोगिताको नामः

सहयोग/अनुदान आवश्यकताको कारणः

कार्यक्रम संचालन वा सहभागिताको समयावधिः

निवेदन साथ संलग्न कागजातहरूः

१. कार्यक्रमको प्रस्ताव र प्रमाणित लागत अनुमानको विवरण
२. लागतमा जि.खे.वि.स.को साझेदारी
३. लेखा परीक्षण प्रतिवेदन (पछिल्लो आ.व को)

**निवेदक**
जिल्ला अध्यक्ष
नाम
हस्ताक्षरः .................

कार्यालय प्रमुख
नाम
हस्ताक्षरः .................